फोन नं. ४२११९९१,४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेवसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट हालका दिनहरुमा विभिन्न सेवा सुधारका क्षेत्रमा अभियान सञ्चालन भैरहेको व्यहोरा बिदितै छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत प्रस्थानका लागि अध्यागमन जाँचका समयमा वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि छुट्टै डेस्क रहँदै आएकोमा निजहरुको आत्मसम्मान एवं स्वाभिमानलाई ख्याल गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई राखिएको छुट्टै डेस्क हटाइ सहज रुपले अध्यागमन चेकजाँच गर्ने गरी व्यवस्था मिलाउन मिति २०७९/१०/०९ मा गृह मन्त्रालयमा पत्राचार गरिएकोमा सो अनुसारको व्यवस्था कार्यान्वयन गरेको जानकारी गृह मन्त्रालयको च. नं. ०१५१७, मिति २०७९/१०/११ को पत्रमार्फत प्राप्त भएको हुँदा सो विषय सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ।

आगामी दिनहरुमा समेत हाम्रो सुधार अभियानमा सबै सरोकारवालाको साथ रहने विश्वास व्यक्त गर्दछौं।

मिति:-२०७९ माघ १६ गते

डण्डुराज घिमिरे
सहसचिव/प्रवक्ता